हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १५१ पृष्ठ : ४ २०७७ पुस १६ गते बिहीबार (Thursday 31 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## विपन्न दलितमाथि बिचौलियाको ठगी

### *रोजगारीको लोभ देखाएर भारत पुऱ्याउँछन, श्रम शोषण र कुटपिट गर्छन*

**सिरहा ।** गत भदौँमा रामबाबु सदायको पत्नी ककुल सदाय ४ महिनाको गर्भवति थिइन् । सदायले गाउँमा राम्रो रोजगारी पाएको थिएन । उनको परिवार आर्थिक संकटमा थिए । त्यही बेला भारत रोजगारीमा पठाउने बिचौलिया गाउँमा आइपुगे । रामबाबु लगायत कर्जन्हा नगरपालिका–३ सुन्दरपुर गाउँका २२ जनाको परिवारलाई ५/५ हजार रूपैयाँ अग्रिम दिइयो । उनीहरूलाई भारतमा राम्रो काम लगाइदिने आश्वासन दियो ।

बिचौलियाकै आश्वासनमा परेर उनी भारतको हरियाणा पुगे । ५ महिनाभन्दा बढी पुग्दा पनि उनलाई न त काम गरेको रूपैयाँ दिएको छ न घर फर्किन दिएको छ । 'त्यहाँ दिनहुँ २० घटना सम्म भारी काम गराइरहेको फोनमा पतिले सुनाएको थियो,' ककुलले भनिन,'अहिले महिनौँ भइसक्यो । फोन पनि गर्न दिएको छैन् । घर पनि फर्किन दिएको छैन् ।' बिचौलियाले देखाएको रोजगारी लोभमा पति रामबाबु घर फर्किन नसकेको उनले सुनाईन् ।

रामबाबुको ४ छोराछोरी मनिषा(६), निशा(३), आशा(५ महिना) र छोरा मनिष(५) छन् । उनीहरूलाई खान बस्न समस्या भएको छ । गाउँमा पुग्ने जोकोहीलाई उनको परिवारलाई रामबाबुलाई घर फर्काइदिन अनुरोध गर्ने गरेको छ । 'फुसको छाप्रो भएको घर भत्किन थालेको छ । जाडोमा जिउ ढाक्ने लुगापनि छैन्,'रामबाबुकी पत्नी ककुलले भनिन,'काम गरेको पैसा नदिएपनि पति फर्काइदिन पटक पटक बिचौलियालाई आग्रह गर्दापनि कुरै सुन्दैन ।'

रामबाबु मात्रै होइन, यही गाउँका विजय सदाय, सुरेश मुखिया, खोजियहा सदाय र राजेश सदाय पनि घर फर्किन सकेको छैन् । २० दिनअघि रामजतन मुखिया र १३ दिनअघि बहुरा मुखिया भागेर घर फर्केर आएका छन् । 'बिचौलियाले हामीलाई सेलर मिलमा काम गर्न पुऱ्याएका थिए । दुई हप्ता काम गरे । भनेअनुसार काम थिएन,'बहुराले भने,'विरामी पर्दापनि काम गर्न लगाउथ्यो । नसक्दा उल्टै कुटाई खानुपरेको छ ।'



भागेर आएकाहरूबाट भारत हरियााणको दुःख पीडा सुन्दा विजय सदायकी ६५ वर्षीय आमा केसिया सदाय छोरा फर्काउन हारगुहार गरिरहेकी छिन् । गाउँमा आउनेहरूलाई उनले रूदैं छोरा फर्काइदिन बिलौना गर्छिन् । 'यहाँ काम पाएन । एजेन्टको लोभमा परेर छोरा गयो,'उनले भनिन,'न पैसा कमाएर पठायो न छोरा आउने आशा छ ।'

उनीहरूले सुखीपुर नगरपालिका बैशाखा महनपुरका रामएकवाल यादव र विरीदेव यादवले भारत पुऱ्याएको सुनाए । यहाँका गाउँहरूमा बिचौलियाहरूले भारतका रोजगारदातासँग कामदार पठाइदिने भनेर पैसा लिन्छन् । काममा मान्छे पठाउँन । उनीहरूले गरेको कामको पैसा पनि नदिने गरेको छ । 'काम गर्न पुगेको १५ दिनमै घरमा यहाँ दुःख दिने गरेको कुरा जानकारी गराए,'रामजतनले भने,'त्यसपछि बिचौलियालाई स्थानीयहरूले गाउँमा बोलाएका

———बाँकी ३ पेजमा

## प्रदेश २ मा १४ लाख मेट्रिकटन बढी धान उत्पादन

यस वर्ष धान उत्पादनमा सामान्य वृद्धि भएको छ । गत वर्षको तुलनामा ७० हजार ८ सय ३१ मेट्रिकटन बढी उत्पादन भई ५६ लाख २१ हजार ७ सय १० मेट्रिकटन पुगेको छ । गत आवमा ५५ लाख ५० मेट्रिकटन धान उत्पादन भएको थियो । त्यसो त गतवर्षको तुलनामा धानखेतीको क्षेत्रफल पनि बढेको छ ।

गत वर्षको तुलनामा १४ हजार ५ सय ५९ हेक्टरले वृद्धि भई कुल १४ लाख ७३ हजार ४ सय ७४ हेक्टरमा धानखेती भएको थियो । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार धानको उत्पादकत्व पनि ०.२८ प्रतिशतले बढेर ३.८२ प्रतिशत पुगेको छ, जुन हालसम्मकै उच्च हो । आर्थिक वर्ष ०७३/०७४ को तुलनामा

———बाँकी ४ पेजमा






## 'बल्ल नागरिक भए'





कर्जन्हा नगरपालिका ६ बेतहा गाउँकी शिबबती सदाले बुधबार ५० वर्षको उमेरमा नागरिकता पाइन् । अचेल उनी खुशी देखिन्छिन् । गाउँमा मिल्ने छिमेकीहरूलाई उनी नागरिकता देखाउँछिन् । बल्ल आफू नागरिक भएको अनुभुति सुनाउँछिन् । उनी भन्छिन,'अब त चुनावमा भोट खसाउछु । केही वर्षमा वृद्धभता पनि पाउँछु ।'

पति मुनेश्वर सदायको बंशजकै नागरिकता छ । तर, पतिको (नागरिकता) एउटै प्रमाणले उनी वर्षौ सम्म नागरिकता बनाउँन सकेको थिइनन् । दर्जनौं पटक सिडियो कार्यालयमा फारम भरेर दौड्धुप गरेकी थिइन् । रितै फर्केकी थिइन् ।

उनको माइत धनुषाको हंसपुर गाउँपालिका–५ हो । माइतमा उनको बुबा मुनी सदाय र आमाले नागरिकता

———बाँकी ३ पेजमा





फ्रेन्डस मोडेल हसिपटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# प्रदेश २ स्तरीय महिला अधिकारकर्मीको भेला

## *महिला अधिकारकर्मी भन्छन् 'मुद्दामा सहयोग नगर्न धम्की आउँछ'*



**सिरहा ।** प्रदेश २ मा महिला मानव अधिकार रक्षक सवाल विषयक सम्वाद कार्यक्रम सम्पन्न भएको छ । सम्वाद कार्यक्रममा महिला अधिकारका क्षेत्रमा कार्यरतहरूले हिंसाका घटनामा न्याय दिलाउने क्रममा आफूहरूसमेत हिंसामा पर्ने गरेको बताएका छन् । उनीहरूले अधिकांश घटनामा पीडितलाई सहयोग नगर्न र गरेमा ज्यान मार्नेसम्मका धम्की आउने गरेको बताएका छन् ।

"शान्तिका लागी साझा अभियान"ले बुधबार राजधानीमा आयोजना गरेको प्रदेश २ मा महिला मानव अधिकार रक्षकको सवाल विषयमा सम्वाद कार्यक्रमका सहभागीले यस्तो बताएका हुन् । पीडितको न्यायका लागि बोल्दा ज्यान नै जोखिममा रहने गरेको प्रदेश नं. २ का अधिकारकर्मीहरूको भनाइ छ ।

'राजनीतिक थ्रेट बढी आउने गर्छन् । हामी नै मिलाउँछौं, प्रहरीमा नजाउ भन्छन्,' पर्साकी मीरा पुरीले भनिन्, 'केही गरी प्रहरीसमक्ष पीडितलाई लिई पुगे पनि प्रहरी नै किन यो लफडामा परेको भन्छन् ।' उनले आफूहरूलाई प्रहरी–प्रशासनले दलालजस्तो व्यवहार गर्ने गरेको बताइन् ।

यस्तै अनुभव छ धनुषाकी ज्ञानुका यादवको । उनी भन्छिन्, 'पीडकहरु प्रायः समाजका ठूला मान्छे हुन्छन् । अनि प्रहरीले पनि सहयोग गर्दैन, फेरि आफूहरु सम्बन्धित मुद्दामा बोले ज्यान मार्नेसम्मको धम्की दिन्छन् ।' अहिले जनप्रतिनिधिले समेत असहयोग गर्ने गरेको उनको भनाइ छ ।

रौतहटकी देवकी नेपालले अधिकारकर्मी अरूलाई न्याय दिलाउने क्रममा आफैं हिंसामा पर्ने गरेको बताइन् । उनको भनाइमा समाजका भद्रभलादमीले समेत गलत दृष्टिकोणले हेर्ने र अवरोध खडा गर्ने गरेका छन् । सिरहाकी रेणु कर्णले समेत आफ्नो अनुभव साझा गरिन् । महिला हिंसाको एक घटनामा पीडितको पक्षमा बोल्दा छोरालाई अपहरण गर्ने धम्की आएको र आफूलाई समेत ज्यान मार्ने प्रयास भएको उनको भनाइ छ ।

अधिकारकर्मीको पहिचान नभएको उनीहरूको गुनासो छ । रौतहटकी नेपालले अधिकारकर्मीको पहिचानको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण हुनुपर्ने बताइन् । 'हाम्रो पहिचान नहुँदा हामीलाई प्रशासनले, राज्यले समेत सुन्दैन । पैसा र शक्तिको अगाडि हामी झुक्नुपर्ने अवस्था छ,' उनले भनिन् ।

नेपालको कुरामा सिराहाकी रेणु कर्णले पनि सही थपिन् । उनले भनिन्, 'मानव अधिकार आयोगले कम्तीमा जिल्लामा कार्यरत अधिकारकर्मीहरूको सूची तयार गर्ने र पहिचान गर्ने गर्नुपर्छ ।' उनको भनाइमा पुरूष मानव अधिकारकर्मीभन्दा महिला अधिकारकर्मीलाई बढी समस्या छ । 'घरका मान्छेलाई पनि धम्क्याउने गर्छन् । त्यसैले हामी कतिपय अवस्थामा पछि हट्नैपर्ने हुन्छ,' उनले थपिन् ।

राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक यज्ञ भट्टराईले अधिकारकर्मीको आवरणमा कैयौंले दलको कार्यकर्तासरह काम गरिरहेको बताए । यस्ता अधिकारकर्मी मानव अधिकार आयोगको प्रतिवेदनमा कालोसूचीमा परेकोसमेत उनले जानकारी दिए ।

'न्यायिक समितिमा समेत न्यायाधीश होइन दलको प्रतिनिधिको भूमिकामा केही जनप्रतिनिधि देखिनुभएको छ । यस्तोमा पीडितले न्याय पाउँदैन,' भट्टराईको भनाइ छ, 'प्रदेश नं. २ चेतनाका हिसाबले निकै पछि छ । यस्तोमा अधिकारकर्मी झन् बढी सक्रिय हुनुपर्छ । तर धेरैजसो स्वतन्त्र हुनुहुन्न ।'

# भुइँमान्छेका वितृष्णा

**भुवन न्यौपाने**



**ब**बई नदीका किनारमा गिट्टी कुटिरहेका धनिरामका दुखका वेदना धेरै महंगा छन् । भारतको बम्बई सहरमा एक साहुको घरमा सेकुरिटी गार्डको काम गर्ने उनी कोरोना कहरका कारण आफूले काम गर्दै आएको ठाँउ छोडेर मरे पनि आफ्नै मातृभूमिमा मरौला भनि हजार हण्डरका बीच कयौँ दिन हिडेरै नेपाल आए ।

दुईरतीन महिना त कोरोना कै कहरले डर र त्रासमा बिताए । आम्दानीको स्रोत छैन । परिवारमा खर्च बढी रहने। खेती गर्न उब्जनी भूमिको अभाव। ।बिहान–बेलुकाको छाक टार्नकै निमित्त हम्मेहम्मे हुने भयो ।

मनमा आगो बल्यो तर अँगेनाको आगो बलेन । गरिबी र भोकमरीको पिरलोले उनीलाई बबई नदीको किनारसम्म पुर्यायो। आत्महत्या गर्न हिडेका धनिरामलाई बबईको किनाराले कर्म गर्ने कला देखायो ।

झापाकी फूलमती दिदीको अनुहारमा देखिएको नैराश्यता ज्यादै अमिलो देखिन्थ्यो । लकडाउनभन्दा अगाडि फूर्तिका साथ ठेलामा पानीपुरी बेचेर परिवारको गर्जो टार्दै आएकी उनी अहिले ओइलाएको फूल जस्तो देखिन्छिन् ।

काठमाडौँका गल्लीमा गीत गाएर जीविका चलाएका दृष्टिविहीनहरूको समूहको रौनक र उत्साह छैन । उनीहरू पनि लकडाउनमा यो अध्यारो सहरमा बिताउनु परेका दुखका पीडा हजारौँ छन् ।

आफै अशक्त भएर पनि अरूको मनोरञ्जनका निमित्त काम गर्ने उनीहरूको रोजीरोटी हरायो । बस्दै आएको घरमा महिनौंसम्मको तिर्न बाँकी बाहल र पसलको उधारो तिर्न नपाउदाको बेचैन छ । उनीहरू पनि दुख र बेदनाका गीत गुन्गुनाउदै बिताएका छन् यी अप्रिय दिनहरू यो खल्लो सहरमा ।

बुटवलको तिनाउ नदीमा प्लाष्टिका बोतल खोज्दै हिड्ने सिरहाका बसन्तको दुखेसो उस्तै छ । छ जनाको परिवार पाल्न पाँच वर्षदेखि बोतल खोज्दै निर्वाह गरेका छन् उनी । उनैको भरोसामा परिवार बाचेको छ । कहिलेसम्म उनका हात खुट्टा र जागर चल्छन्, कुनै टुङ्गो छैन् । सरकारले लगाएको बन्दाबन्दीका कारण उनले त्यही बोतल बटुल्ने काम समेत गुमाउनु पऱ्यो ।

सिन्धुपाल्चोकको विकट गाँउमा बस्दै आएका परिवारहरूको चिरा चिरा परेको मन पनि ज्यादै भक्कानिदो छ । भूकम्पले थिल्थिलाएको जमिन र उनीहरूको भावना त्यस्तै विक्षिप्त छ । बस्नलाई बास र खानलाई एक छाक भए पनि उनीहरूको चैन छैन । पुर्पूरोमा हात राख्दै दिन कटाएका छन् । कहिले पहिरो आएर लैजाने हो, उनीहरूलाई त्यसैको पिरलो छ ।

खेतबारीमा काम गर्न छोडेर किसानहरू हाम्रो परिश्रमको भुक्तानी देऊ भनि सडकमा आन्दोलन गर्न परेको छ । समयमा मल, बीउको व्यवस्था गरिदिनु भनि हारगुहार गर्नुपरेको छ । खेतमा व्यस्त हुनुपर्ने किसान सडकमा धाउनु परेको छ ।

कोरीबाटी चिटिक्क परेर खेतमा काम गर्न गएकि चेली बलात्कार भएर मारिन्छिन् । वर्षौंसम्म पनि दोषी भेटिदैनन्। कारबाही हुँदैन । परिवारको कारूणीक वेदना सुनिदिने कमै हुन्छन् । आफ्ना प्रियजन गुमाउनु पर्दाको पीडा र समाजको हेर्ने दृष्टिको पनि ज्यादै कठोर हुन्छ । त्यो अवस्था बुझिदिने कमै हुन्छन् ।

भनिन्छ, सामाजिक सुरक्षा र सचेतनामूलक शिक्षामा सरकारले लगानी बढाएको छ । तर त्यसको औचित्यता र सार्थकताको मूल्यांकन ज्यादै कमि छ । घटना गाँउमा घटेको हुन्छ । समाधान तारे होटलबाट खोजिन्छ । आफ्ना भए कानुन नै खुकुलो, अर्काको परे कडाइ गर्ने असमानजनक कानुनी शासनले झन् बढी जोखिम सिर्जना गरेको छ ।

धनिराम, फूलमति, बसन्त, अशक्त दृष्टिविहीनहरू, विचलित परिवार र किसानका यी प्रतिनिधिमूलक सत्य कथाहरू हुन् । यस्ता अनेकौँ पीडा र वेदनाका कारूणिक सत्य कथाहरू हाम्रो समाजमा धेरै छन् । पिछडिएका, असमान व्यवहार गरिएका, राज्यको नजरमा नपरेका धेरै यस्ता नागरिकहरूको वितृष्णा ज्यादै दुखद् छ ।

लामो समयपछिको राजनीतिक अस्थिरता, क्रान्ति, आन्दोलन हुँदै एक दशक लामो अथक प्रयासबाट जनताबाट चयन भएका प्रतिनिधिले निर्माण गरेको अग्रगामी संविधान जारी भएपछि नागरिकमा ज्यादै खुसी छाएको थियो । सडकका भुइँमान्छेका पनि अब हक–अधिकारहरू स्थापित हुनेछन् । हरेक नागरिकहरूले सुरक्षा, समानता र सामाजिक न्याय हुनेछ भन्ने आशा त्यस समयले जगाएको थियो ।

तर, संविधानको पूर्ण कार्यान्वयन बिना नै राजनीतिक अस्थिरता, दलीय झगडाले कुशासनलाई प्रसय दिदै गएको छ । राजनीतिक भागबन्डाले भ्रष्टाचार र अनियमितता बढाइरहेको छ । नागरिकमैत्री शासन व्यवस्थाभन्दा पनि आफ्नोवाद र कृपावादको शासनले हरेक नागरिकमा चरम वितृष्णा छाएको छ ।

भनिन्छ, लोकतन्त्रमा राज्यको नागरिकहरू प्रति अभिवावकीय भूमिकामा हुन्छ । तर, नागरिकहरू आफ्ना अभिवावक हराएका टुहुरा जस्ता देखिन्छन् । पिछडिएका नागरिकका समानताका निमित्त धेरै क्रान्ती र आन्दोलनहरू भए । उनीहरूको हक अधिकार र रोजीरोटीका लागि धेरै आवाजहरू बुलन्द भए । तर, त्यी अवाजहरू सीमित दायरा र व्यक्तिगत स्वार्थबाट माथि उठ्न सकेनन् ।

यस्तै पिछडिएका नागरिकको आवाज बोकेर भर्याङ चडेका नेताहरू किन उनीहरूकै बेदना भुल्छन ? समानता र सामाजिक न्यायका खातिर उनीहरूको नातावाद र कृपावादले कालो बादल छाएको किन देख्दैनन् ? यी र यस्तै प्रश्नहरूको उत्तर भेट्न ज्यादै कठिन छ ।

तल्लो तहका पिछडिएका वर्गहरू पनि शासन व्यवस्थामा सहभागिता हुनु पर्दछ भनि समावेशीकरण र आरक्षणको व्यवस्था भए पनि उनीहरूमा त्यो पहुँच नै पुगेन। उनीहरूको आवश्यकता र राज्यको आसयमा भिन्नता देखियो । भोको पेट बोकेर शासन व्यवस्थामा सहभागिता जनाउन कस्ले नै पो सक्छ र ?

नागरिकको स्पष्ट जनमत र आशा उत्साह बोकेर आएको सरकारका एकपछि अर्को अलोकप्रिय कदमले नागरिकमा वितृष्णा बढेको छ । शक्तिशाली सरकार सामु निरीह नागरिकको गुनासो पुर्याइदिने निकाय को होला ?

कानुनी शासन र सुशासन सहितको लोककल्याणकारी राज्य निर्माणको आँटिलो मार्गमा अघि बढेको राज्यका यति दुखी नागरिकको पीडा महशुस गरिदिने निकाय कहाँ छ ? मध्यम वर्ग र गरिबीको रेखामुनि रहेका नागरिकलाई समतामूलक न्यायको पहुँच कहिलेसम्म पुग्छ होला ?

समानता र सामाजिक न्याय सहितको अग्रगामी संविधान, समाजवाद उन्मुख राजनीतिक व्यवस्था र समकालीन अवस्थामा ज्यादै भिन्नता देखिन्छ । कथनी र करणीमा कुनै पनि सामान्जस्यता देखिदैन । केन्द्रको सिंहदरबार गाँउ–गाँउसम्म पुगेको छ भने पनि त्यहाँको अनियमितता र भष्ट्रचारको लेखाजोखा नै छैन ।

केही छिटपुट परिर्वतन भए पनि नागरिकले चाहे जस्तो परिर्वतन भएको छैन । नागरिकको हरेक क्षेत्रमा गुनासो छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, सार्वजनिक सेवा र सुशासन जस्ता क्षेत्रमा चरम अनियमितता देखिन्छ ।

समकालीन अवस्थाले नागरिकमा वितृष्णा देखिएको

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज शुभ समाचार सुन्न पाइनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । आ ^नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।

**वृष** :- आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ

**मिथुन**:- शुभकार्यको चर्चा चल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ ।

**कर्कट** :- शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । झुटा आरोप आईपर्दा समस्या खेप्नुपर्नेछ । स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ ।

**सिंह**:- आज भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ। व्यापारमा प्रशस्त फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने मौका समेत मिल्नेछ ।

**कन्या** :- अतिथिका रूपमा सम्मान पाइनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । ठुला व्यक्तिले तपाईँका मेहनतको प्रसंसा गर्नेछन् ।

**तुला** :- लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।

**वृश्चिक** :- आज पारिवारिक समस्या आइपर्ला । गरेको काममा ढिलासुस्ती हुनेछ । नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन ।

**धनु** :- आज तिर्थाटनको योगछ । नयाँ कार्यको थालनी हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिने छ । आत्मिक सन्तुष्टि मिल्नेछ ।

**मकर**:- मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । रमणीय र टाढाको यात्रा फलदायी हुँदैन । आकस्मिक धन लाभ हुनेछ ।

**कुम्भ**:- परिवारजनको साथले नयाँ आशा पलाउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मिन** :- मणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

# एसईई परीक्षाका लागि आवेदन र रजिष्ट्रेशन फारम खुल्यो

माध्यमिक शिक्षा परीक्षा अर्थात् एसईईमा समावेश हुनका लागि आवेदन र रजिष्ट्रेशन फारम खुलेको छ ।

यो वर्षको एसईई परीक्षामा समावेश हुनका लागि बिहीबारदेखि आउँदो माघ २१ गतेसम्म आवेदन फारम भर्नुपर्ने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

अहिले कक्षा १० मा पढिरहेका विद्यार्थीहरूले रजिष्ट्रेशनको अर्थकट्टीको प्रतिलिपि, शैक्षिक सत्र २०७५ वा त्यसभन्दा पहिले निम्न माध्यमिक शिक्षा परीक्षा अर्थात् कक्षा ८ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपिलगायत सम्बन्धित विद्यालयमा बुझाउन समेत बोर्डले आग्रह गरेको छ ।




यस्तै यो वर्षको कक्षा ९ मा साधारण तथा प्राविधिकतर्फ पढिरहेका विद्यार्थीहरूका लागि पनि रजिष्ट्रेशन फारम भर्न बोर्डले आग्रह गरेको छ । आउँदो वर्ष परीक्षा दिनका लागि बिहीबारदेखि माघ २१ गतेसम्म रजिष्ट्रेशन फारम भर्नुपर्ने बोर्डको परीक्षा नियन्त्रण कार्यालय भक्तपुरले जनाएको छ । **रासस**

## विपन्न ...

थिए । प्रहरीलाई खबर गरेको थियो । १० दिनको समय लिएर उनी उम्केदेखि फेरी सम्पर्कमा आएको छैन् ।' स्थानीयका अनुसार जनप्रतिनिधि र प्रहरीको रोहबरमा ती बिचौलियाहरूले १० दिनमा सबैलाई फर्काइदिने सहमति गरेको छ । त्यसपछि बिचौलियाहरू भारत पुगेर झन कुटपिट गर्न थालेको रामजतनले सुनाए ।

## बल्ल ...

नबनाउँदै बितेका थिए । बुबाको नागरिकता नहुँदा उनको पनि यतिका वर्षमा बनेको थिएनन् । 'पछिल्लो पटक माइत र ससुराली दुवैपट्टि वडा अध्यक्षको रोहबरमा सर्जमिन मुचुल्का ल्याएपछि बल्ल नागरिकता पाए,'उनले भनिन्,'नागरिकता नपाउँदै जीवन बित्छ कि सोच्दै थिए । ढिलैभएपनि पाए । खुशी छु ।'

उनीसँगै जितनी सहनीले पनि ४८ वर्षको उमेर नागरिकता पाइन् । जितनी र शिबबती जस्तै कर्जन्हा नगरपालिकाको २१ जनाले बुधबार एकै पटक नागरिकता बनाएका छन् । उनीहरूलाई सदरमुकाम स्थित जिल्ला प्रशासन कार्यालय आउजाउ गर्न नगरपालिकाले यातायातको पनि व्यवस्था गरिदिएका थिए । यस नगरपालिकामा अझैपनि केही मुसहरसहित अन्य दलित परिवारमा नागरिकता नपाएको समस्या छ ।

जिल्ला प्रशासन कार्यालय सिरहाका अनुसार खासगरी मुसहर समुदायमा उमेर पुगेपनि नागरिकता नबनाएको भेटिन्छन् । पहिले उनी जन्मदर्ता बनाएको हुँदैन् । पुस्तौं सम्म नागरिकता बनाएको देखिँदैन् । त्यस्तो व्यक्तिहरूलाई नागरिकता बनाउन सहज बनाएका छौँ । अहिले स्थानीय तहको सिफारिस भएर आएको व्यक्तिले नागरिकता पाइरहेका छन् । धेरै उमेरपछि नागरिकता बनाउने आउनेहरूको हकमा प्रहरी सर्जमिन(प्रस) पनि काट्ने गरिएको छ ।

**बुबाआमाको नागरिकता नहुँदा छोराछोरी पढाईबाट बन्चित**

सोही नगरपालिका ८ गौतारी गाउँका बैजनाथ सदाय र उनको पत्नी परमेश्वरीको नागरिकता छैन् । उनीहरूको तीन छोराहरू २० वर्षीय राजु, १५ वर्षीय राजन, १२ वर्षीय दिपेश र १८ वर्षीया छोरी सरिता बुबाआमाको नागरिकता नभएका कारण जन्मदर्ता बनाउन पाएनन् ।

जन्मदर्ता नहुँदा उनी पढाईबाट बन्चित भए । 'नागरिकता पाउने उमेर भयो तर, अहिले सम्म जन्मदर्ता पनि पाएका छैनौँ,'राजुले भने,' विद्यालयमा पढ्न जाँदा नामाकंनको लागि जन्मदर्ता खोज्थ्यो । पढाईबाट बन्चित भए ।'

ज्याला मजदुरी गरी गुजारा चलाउने उनको परिवारले नगद बचत गर्न पनि सकिरहेको छैन् । 'नागरिकता नहुँदा छोराछोरीहरू सरकारी भताबाट बन्चित भयो । बैंकमा खाता खोलाउन सकिन् । कमाएको पैसा बचत भएनन्,' बैजनाथले भने,'ऐलानी जग्गामा घर छ । साहुमहाजनले ऋण कर्जा पनि नागरिकताकै कारणले दिँदैन ।'

उनीहरूको परिवार १३ वर्षअघि धनुषाबाट सिरहाको कर्जन्हा आएका थिए । बैजनाथको बुबा मंगल सदाय र आमा मंगली सदायले नागरिकता नपाउँदै बितेका छन् । 'आफुहरूले सबै ठाउँमा गुहारे तर, न छोराछोरीको जन्मदर्ता न त आफ्नो नागरिकता,' उनले भने । आफु अनपढ भएपनि छोराछोरीलाई पढाउने सपना पनि अधुरै भएको उनले सुनाए ।

'नागरिकता नपाएको समस्या रहेका दलित समुदायमा हामीले पहल सुरू गरेका छौँ,'कर्जन्हा नगरपालिकाका नगरप्रमुख गंगा पासमानले भने,'जनप्रतिनिधिको मद्दतले हुने काममा हामी सक्दो सहयोग गरेका छौँ ।' मुसहर समुदायमा बसाई–सराई, नागरिकताको आवश्यकता अभावका कारण उनीहरूमा यस्तो समस्या देखिएको उनले सुनाए ।

कार्यालय दौडधुप गर्दा समय र अतिरिक्त खर्चको भारले पनि उनी चासो नलिने गरेको अधिकारकर्मी राजकुमार राउत कुर्मी सुनाउँछन् । सरकारले एक पटकलाई भएपनि मुसहर समुदायलाई नागरिकता पाउने विशेष व्यवस्था गनुपर्ने उनको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८५०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# वन अतिक्रमणकारीलाई कारबाही गर्न मुख्यमन्त्री राउतको निर्देशन

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले वन अतिक्रमणकारीहरूलाई तत्काल कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । महोत्तरीको बर्दिबासमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयद्वारा आयोजित प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले यस्तो निर्देशन दिएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले विभिन्न बहानामा भइरहेको वन अतिक्रमण तत्काल रोकेर संलग्नलाई कारबाही गर्न निर्देशन दिए । उनले सुकुम्बासीको नाममा राजनीति संरक्षण प्राप्त हुकुमबासीहरु वन अतिक्रमण तथा फडानीमा अग्रपक्तिमा रहेको उल्लेख गर्दै वनको रक्षा गर्न जिम्मेवारी पाएका राष्ट्रसेवक कर्मचारी एवं सरकारका जिम्मेवार व्यक्तिहरूलाई किन्तु-परन्तु गर्ने ठाँउ नरहेको बताए ।

मुख्यमन्त्री राउतले राजनीति संरक्षण प्राप्त भू-माफियाहरूले गर्दै आएको वन अतिक्रमण कार्यलाई रोक्न प्रदेश सरकारले आफ्नो छुट्टै कानुन ल्याउन लागेको भन्दै अब कोही पनि वन अतिक्रमणकारी कानुनी दायराबाट भाग्ननसक्ने बताए । बर्दीवास क्षेत्रमा पछिल्लो समयमा भएको वन फडानीको चर्चा गर्दै उनले अविलम्ब घटनाको छानबिनगरी कानुन बमोजिम कारबाही प्रक्रियाअघि बढाउन वन सचिवलाई निर्देशनसमेत दिए ।




सो कार्यक्रममा सिरहा र रौतहट जिल्लामा अतिक्रमित वन क्षेत्रलाई पुनः वन मातहतमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका राष्ट्रसेवक कर्मचारीहरूलाई सम्मानसमेत गरिएको थियो । कार्यक्रम भइरहेकै बेला कार्यक्रम स्थल बाहिर चुरे वन संरक्षण अभियन्ताहरूले चुरे वन संरक्षण गर्न प्रदेश सरकार असफल रहेको भन्दै नाराबाजी समेत गरेका छन । **इकागजबाट**

## भुइँमान्छेका ...

छ । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका निमित्त आवाज उढाएका ती नै नागरिक एक पटक फेरि आफैले फालेको राजतन्त्रका निमित्त समेत नउत्रेलान् भन्न सकिदैन ।

लाखौँका भष्ट्रचार, अनेकौं कथा सुनेका गरिब नागरिकले महामारीका बीच पनि सानो राहतको भरोसा समेत पाएनन् । आर्थिक अवस्था, बेरोजगारी र गरिबीले नागरिकका पीडा दिनप्रति दिन चुलिदै छन् । आफ्नाको संरक्षण गर्ने, राजनीतिक स्वार्थपना, नातावाद कृपावादमा लिप्त हुने परिपाटी बढीरहेको छ । सरकारको पछिल्लो कदम र राजनीतिक अदूरदर्शीताले समग्र क्षेत्रमा अस्थिरता देखाएको छ । सडकका भुइँमान्छे भनेर बेवास्ता नगरियोस्। नागरिकको चुलिदो वितृष्णाले व्यवस्था प्रति पनि प्रहार गर्न सक्दछ । नागरिकको चुलिदो वितृष्णाको हेक्का नराख्ने हो भने अर्को भयानक अवस्थाको सिर्जना पनि हुन सक्दछ भन्ने नेताहरूले बुझेर पनि कति समय नबुझेको जस्तो गर्छन ।*सेतोपाटीबाट*

## प्रदेश ...

चालु आवमा ७.४८ अर्थात ३ लाख ९१ हजार मेट्रिकटन बढी उत्पादन भएको छ । सोही आवको उत्पादकत्वको तुलनामा उत्पादकत्व १३.२५ प्रतिशतले बढेको मन्त्रालयले जनाएको छ । चालु आवमा सक्रिय मनसुन जेठ ३० बाटै सुरू भएको र गतवर्षको मनसुन अवधिभन्दा औसत ४ सय १४ मिलिमिटर अर्थात् ३१ प्रतिशतभन्दा बढी वर्षा भएका कारण पनि उत्पादन बढ्न गएको मन्त्रालयको अनुमान छ ।

लकडाउनका कारण कामदारको सहजता, प्रदेशगत कृषि कार्यालयको विउविजनमा उपलब्धतामा सहजीकरणका साथै उन्नत विउले ९५ प्रतिशतभन्दा बढी क्षेत्र ढाकेकोले पनि उत्पादन बढ्न गएको बताइएको छ ।

मन्त्रालयको तथ्यांकअनुसार गत आवको तुलनामा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी उत्पादन भएको छ । गत आवमा ११ लाख ८५ हजार ४ सय ९५ मेट्रिकटन धान उत्पादन भएकोमा चालु आवमा १२ लाख २४ हजार ४ सय ९७ मेट्रिकटन उत्पाद भएको छ । त्यस्तै, प्रदेश २ मा १४ लाख ३२ हजार ८ सय १९, प्रदेश १ मा १२ लाख ७५ हजार ५ सय ५४, बागमतीमा ५ लाख ९ हजार ५ सय ९०, गण्डकी ३ लाख ९७ हजार ९४, कर्णालीमा १ लाख ३७ हजार १ सय ६५ र सुदूरपश्चिम प्रदेशमा ६ लाख ४४ हजार ९ सय ९१ मेट्रिकटन धान उत्पादन भएको छ । गण्डकीमा धान खेतीयोग्य जमिन घटेको छ । गत आवमा १ लाख ८ हजार ६ सय ९७ हेक्टरमा खेती भएकोमा यस वर्ष १ लाख ६ हजार ५ सय ४१ हेक्टर मात्रै धानखेती भएको छ । कुल खेतीयोग्य जमिनमध्ये ५० प्रतिशत क्षेत्रफलमा धान खेती हुन्छ ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
नि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)